# ज्ञानज्योति

आध्यात्मिक तथा नैतिक जागृतिका लागि समर्पित


वर्ष : १५ अंक : ०७ | मासिक | २०७१ माघ

# आदि देव ब्रह्मा बाबा

✍ ब्रह्माकुमार कृष्णहरि श्रेष्ठ, भरतपुर

दिन, महिना र वर्षहरू बित्दै गए । विगत वर्षहरूमा झैं यसपालि पनि १८ जनवरीले हाम्रो समक्ष पदार्पण गर्दैछ । यो दिनले हामीलाई सन् १९६९ जनवरी महिनाको त्यो अविस्मरणीय दिवसको याद गराउँछ, जुन दिन परमपिता परमात्मा शिवले यस धरामा आफ्नो अवतरणको लागि वरण गरको महान् आत्मा दादा लेखराज (आदिदेव ब्रह्मा) यो संसारमा आफ्नो कार्यकाल समाप्त गरी बेहदको रहस्यमय संसारमा आरोहण हुनुभएको थियो ।

दादा लेखराजको जन्म सन् १८७६ मा सिन्ध प्रदेशमा एक बल्लभाचारी विष्णुभक्त परिवारमा भएको थियो । उनका पिता एक स्कूलका प्रधान अध्यापक थिए । 'हुने बिरुवाको चिल्लो पात' भनेझैं उनी आफ्नो पुरुषार्थ र योग्यताको बलमा गहुँको एक सामान्य व्यापारीबाट उन्नति गर्दै अत्यन्त प्रसिद्ध हीरा जवाहारातको व्यापारी बन्न पुगे । परम पितासँगको साक्षात्कारपछि उनले आफ्नो व्यवसायबाट सन्न्यास लिए र माताहरूको एउटा ट्रस्ट बनाई आफ्नो सबै श्रीसम्पत्ति त्यही ट्रस्टलाई सुम्पिदिए । अब ब्रह्मा बाबाको सत्संग सभा शुरु हुन थाल्यो । ॐ शब्दको ध्वनिका साथ सत्संग शुरु हुने भएकाले त्यस सभाको नाउँ नै 'ॐ मण्डली' रहन गयो । क्रमश: सत्संग सभामा आउनेहरूको संख्या बढ्न थाल्यो । कुमारीहरू एवं माताहरूलाई ब्रह्मा बाबामा श्रीकृष्णको साक्षात्कार हुने गर्दथ्यो । दादा लेखराजमा गजबको आकर्षण शक्ति थियो । दादा लेखराजसँग भेट्न आउनेहरू मन्त्रमुग्ध भएर उहाँका कुराहरू सुनिरहन्थे र उहाँको व्यक्तित्वप्रति आकर्षित हुन्थे । यस्तो देखेर स्वयं ब्रह्माबाबालाई पनि आश्चर्य लाग्थ्यो । ठूला बडा सम्मानित घरका महिलाहरू एवं कुमारीहरू आफ्नो परिवारजनको विरोधको समेत पर्वाह नगरिकन बाबाको ॐ मण्डलीमा समर्पित हुन आए । ॐ मण्डलीमा सम्मिलित हुन आएका महिलाहरूका विदशिएका पतिहरू आफ्नो घर फर्केपछि आफ्ना पत्नीहरूसँग आफ्ना इच्छा जाहेर गर्दा पत्नीहरूले त्यसमा आफ्नो असहमति जनाए । त्यसपछि घरघरमा भाँडभैला मच्चिन थाल्यो । मानिसहरूले बाबाको घोर विरोध गरे । तब ब्रह्मा बाबाले ॐ मण्डलीमा समर्पित हुन चाहनेहरू सबैलाई आ-आफ्नो परिवारजनबाट मञ्जुरी पत्र लिएर आउने आदेश दिनुभयो । जे हुनु थियो सबै ड्रामा अनुसार नै भयो । मानिसहरू परिवारका परिवार सबै आफ्ना सदस्यहरू सहित एवं स-साना कुमारी कन्याहरू पनि ॐ मण्डलीमा समर्पित हुन आए । त्यसबेलाका तिनै स-साना कन्या कुमारीहरू नै आजका दादी दिदीहरू हुन् । सन्देशी कुमारीहरू, जो ध्यानमग्न भएर वतनमा बाबाकहाँबाट सन्देशहरू लाने ल्याउने गर्दथे, ले समर्पित हुनेहरूका लागि अनौठा अनौठा नामहरू शिवबाबाबाट लिएर आउँथे, जस्तै- प्रकाशमणि, चन्द्रमणि, हृदयमोहिनी, मनमोहिनी, रत्नमोहिनी तथा निर्वैर आदि । तर पछि गएर यो नामकरण गर्ने प्रचलन हरायो किनकि त्यसबेला समर्पित हुन आउने आत्माहरू मध्ये धेरैजसो बाबाको हात छोडर पुन: लौकिक घर व्यवहारमा नै फर्किए । चौध वर्षको बेगरी पार्टमा बाबाको योग्य र सक्षम बच्चाहरू छानिए, कमजोर बच्चाहरू बाबाको हात छोडर गए ।



प्राणीमात्र सबै परमपिता परमात्मा शिवबाबाका सन्तान हुन् । तिनीमध्ये ब्रह्मामुखवंशी सन्तान ब्राह्मणहरू जो सोह्र हजार एक सय आठका मालाका दानामा चुनिन्छन् तिनीहरूको स्थान मालामा अन्तिम समयसम्म पनि निर्धारित हुन सक्दैन । किनकि तिनीहरूको योग्यताक्रम घरी-घरी तलमाथि भइ नै रहन्छ । ड्रामाको अन्तिम घडी नै निर्णायक हुन सक्छ । मालाको दाना बनिसकेर पनि बाबाका बच्चाहरूको स्थान मालामा योग्यता क्रमानुसार परिस्थितिवश विभिन्न स्थानमा परिवर्तन भइ नै रहन्छ । द्वापरयुगदेखि जब भक्तिकाल शुरु भयो तब मानिसहरूले देवी देवताको नाउँमा माला जप्न शुरु गरे, तर यो संगमयुग शुरु भएपछि जब शिवबाबाका 'मीठे बच्चे' बने तब उनीहरू स्वयं नै मालाको दाना बन्न पुगे र भक्तहरूले उनीहरूको नामको माला जप्न थाले । मालाको दाना बन्न सम्पूर्ण पवित्र बन्नु जरुरी छ । अनि मन्सा, वाचा, कर्मणा जो पवित्र हुन्छ ऊ नै मालामा माथिल्लो नम्बरमा आउन सक्छ । यो स्तर हासिल गर्न कडा मेहनतको आवश्यकता पर्दछ । त्यसो त परमपिता परमात्मा शिवबाबाले दिनुभएको यो ज्ञान सेकेण्ड मै बुझ्न सकिन्छ । तर यसको व्याख्या गर्न थाल्ने हो भने विश्वको सारा जङ्गलको काठलाई कलम बनाएर सारा सागरको पानीलाई मसी बनाई सारा धर्तीका जमिनलाई कागज बनाए पनि पूरा गर्न सकिन्न, शिवबाबाको गुणको वर्णन गर्न सकिन्न । किनकि बाबा हुनुहुन्छ नै ज्ञानको सागर । शिव बाबा स्वयंको कुनै पिता, शिक्षक र सद्‌गुरु छैन तर उहाँ सबैका पिता, शिक्षक र सद्‌गुरु हुनुहुन्छ । साकार ब्रह्माबाबाको तनमा अवतरित हुनु भएर पिताका रूपमा सबैको लालन पालन गर्नुहुन्छ, शिक्षकका रूपमा शिक्षा दिनुहुन्छ र सद्‌गुरुका रूपमा परमधाम घरमा फर्काएर लैजानुहुन्छ । शिक्षकले आफ्ना शिष्यलाई सिकाउनु हुन्छ, पढाउनुहुन्छ तर स्वयं विद्यार्थीले राम्रोसँग पढ्दैन भने शिक्षकले पनि के नै पो गर्न सक्नुहुन्छ र ? स्वयं मरो पिता नै शिक्षक हुनुहुन्छ, मलाई पास गरीहाल्नु हुन्छ नि भनेर यदि बच्चाले पढाइमा लापरवाही गर्छ भने पिता र शिक्षकमात्र होइन स्वयं धर्मराजसमेत हुनुभएको शिव बाबाले कसैमाथि अन्याय हुन दिनुहुन्न । जसले जति मेहनत गर्छ, जस्तो पुरुषार्थ गर्छ, उसलाई उसले गरको पुरुषार्थ अनुसार नै फल प्रदान गर्नुहुन्छ । आदिदेव ब्रह्माबाबा मार्फत नै शिवबाबा बच्चाहरूलाई वर्षा दिनुहुन्छ ।

ब्रह्मा, विष्णु र शंकर तीनैजना शिवबाबाका रचना हुन् । त्यसैले शिवबाबा आदिदेव ब्रह्माका पनि पिता हुनुहुन्छ । बेहदका रचयिता एवं पिता शिवबाबा नै हुनुहुन्छ । बेहदको वंशवृक्षका मुख्य प्रजापिता आदिदेव ब्रह्माबाबा हुनुहुन्छ । सबै आत्माहरू ब्रह्मामुख वंशावली सन्तान हुन् । अत: सबै आत्माहरू एक आपसमा भाइ-भाइ हुन्, ब्रह्माका सन्तान भाइ बहिनी हुन् । ब्रह्मा प्रजापिता

बाँकी ६ पेजमा

# शिव भगवानुवाच

*गणेशलाई विघ्न-विनाशक भन्ने गर्छन् । विघ्न-विनाशक उही बन्छ जसमा सर्व शक्तिहरू हुन्छन् । सर्वशक्तिहरूलाई समय अनुसार कार्यमा लगायौ भने विघ्न टिक्न सक्दैन । जस्तोसुकै रूपमा माया आओस् तर तिमी ज्ञानी बन । ज्ञानी आत्मा कहिल्यै मायासँग हार खान सक्दैन । यदि मस्तकमा परमात्माको आशीर्वादको हात छ भने विजयको तिलक लागिरहेको हुन्छ । परमात्म हात र साथले विघ्न विनाशक बनाइदिन्छ ।*

## सम्पादकीय

# समृद्धिको मापन- महसुसता

महसुसता अनि समृद्धि सापेक्ष वस्तु हुन् । यी दुवै सत्ताको आपसमा अन्योन्याश्रित सम्बन्ध छ भन्नु पर्छ जसका कारण मानव जीवन सफल र असफल छ भनेर मापन गर्न सकिन्छ । जगत्का हरेक क्रियाकलाप फगत महसुसमा निर्भर हुने गर्दछन् । कसैले कसैलाई स्नेह दियो वा घृणा गर्‍यो यसलाई कुनै भौतिक उपकरणबाट जोड-घटाउ गर्न सक्ने विषय नै होइन । सफलता र विफलतामा पनि यही नियम लागु हुने गर्दछ । कसैका लागि कुनै पक्ष सफल भइरहको होला अनि अर्को पक्षका लागि पूर्णतया घाटा । न जगत्मा कुनै कुरा सुन्दर छ नत कुरूप । न घाटा न नाफा । कसरी महसुस गर्छौं हाम्रो महसुसताको क्षितिज कति फराकिलो छ, मा फरक पर्छ । कतै एकजनालाई कुनै व्यक्ति पटक्कै मन परिरहको हुँदैन, सँगसँगै उही व्यक्ति अरु कसैका लागि आफ्नो जीवनभन्दा प्यारो भइरहेको हुन्छ । प्यारो स्वभाव नभएको भए कसैको पनि नहुनु पर्ने हो । बरु अमुक व्यक्तिलाई हेर्ने व्यक्तिको आँखामा कहीं कतै व्यक्तिगत स्वार्थ, पूर्व मान्यता, कथनी र करनीमा फरकपन, सत्ता लोलुपता आदि कुराको कसिङ्गरले यथार्थलाई ढाकिदिएको पो छ कि ? विचारणीय कुरा हुन्छ । यथार्थमा अरु कोही मेरो अनुकूलको होस् भनी उल्टो मेहनत गर्नुभन्दा आफ्नो खुसीको लागि उसको खुसीमा आफ्नो खुसी खोज्नु बुद्धिमत्ता हुने गर्दछ । सम्बन्ध स्थापित गरिनु पर्ने सम्बन्धित व्यक्तिसँगको आफ्नो सम्पूर्ण प्रयास सफल भइरहेका छैनन् भन्ने लाग्यो भने आफ्नो व्यावहारिक रणनीतिमा अलि फरकपन अवश्य स्थापित गर्नुपर्ने हुन्छ । जीवन पूर्णतया सम्झौतै सझौताको संविधान रहेछ । नियम-उपनियम र धारा-उपधारामा बाँधिएका छन् जीवनका सम्बन्धहरू । सबैलाई सबैधारा प्रयोग हुन्छन् भन्ने नै हुँदैन । व्यक्तिपिच्छे स्वभावमा फरक हुने भएकाले धारा उपधारा पनि फरक फरक । अनौठो नियम ।

महसुस गर्नु समृद्धिका लागि चुम्बकीय शक्ति हो । उसले आफ्नो कार्य सतत रूपमा गरि नै रहन्छ । प्राप्तिका लागि प्यास जागेको हो भने त्यो वस्तु, वैभव वा पदार्थलाई आफ्नो वरपर भइरहेको, घटित हुनै लागेको, स्पष्ट तस्वीर बारम्बार महसुस गर्ने गरौं । स्वत: महसुस गर्ने बानीले समृद्धिको रूप धारण गरि नै रहन्छ । प्रजापिता ब्रह्माबाबा यसको प्रत्यक्ष प्रमाण हुन पुग्नुभएको छ । उहाँले आफूलाई हरपल साक्षात् नारायणको रूपमा महसुस गरि नै रहनुहुन्थ्यो । आफू नै चतुर्भुज विष्णु हुँ भन्ने गहिरो महसुस भएपछि सम्पूर्ण हावभावमा एकाएक परिवर्तन भयो । बतीस वर्षको छोटो तपस्याको माध्यमले पिताश्री ब्रह्माबाबा जगत् पिताको रूपमा स्थापित हुनपुग्नु भयो । यस्ता कैयौं ज्वलन्त उदाहरण यस धर्तीमा आज पनि मौजुदा अवस्थामा छन् ।

अत: सच्चा हृदयले महसुस गरौं, मानव जीवन सम्भावनाको सम्वाहक हो । महसुस गर्ने शक्तिलाई बढाउँदै लैजाऔं । नर-नारायण, नारी-लक्ष्मी बन्नसक्ने उत्कृष्ट सम्भावना हामीभित्र निहित छ । जीवनमा सानो सपना देख्नु पनि स्वयम्प्रति गरिएको घोर अन्याय हो । दायरालाई अझ फराकिलो बनाऔं । महसुस गर्दैमा पुग्छ भने सङ्कीर्णता केका लागि ?

वाणीमा संयमता महसुसताको कसी हो । जीवनमा खोजिएको विषय के हो ? शब्दमा उच्चारण गर्ने क्रियालाई हवातै बढाइदिऔं । 'यदि, सके र भने' यी मूलत: तीनवटा शब्द महसुसताका लागि प्रत्युत्पादक हुनसक्छन् । संभव भएसम्म यी उल्लिखित शब्दलाई प्रयोग गर्दै नगरौं । अर्धचेतन मनले यी शब्दलाई स्पष्टसँग बुझ्नै सक्दैन । फलत: महसुसतामा गडबडी खडा गरिदिन्छ । अर्धचेतन मन मानव जीवनका लागि सच्चा सेवक हो । यसले घुमाउरो अनि अस्पष्ट वाक्यांशलाई स्वीकार गर्दैन । अलमल शुरु हुनसक्ने प्रबल संभावना बढेर जान्छ ।

स्वयम्‌सँगको सघन सम्वादले महसुस शक्तिलाई बढाइदिन्छ । अन्तमुर्खताको गुणलाई अपनाऔं, अन्तश्चेतनामा भइरहेको प्रवाहलाई महसुस गर्ने बानीको विकास गरौं । समृद्धि जीवनको हार भएर आइदिन्छ । आफ्नै जीवन धन्य-धन्य भएको भान हुनथाल्दछ । भएको महसुस गर्नाले अझ श्रीवृद्धि हुनेछ अन्यथा भएको पनि प्रकृतिले खोसेर लगिदिन सक्नेछ । हुने र नहुनेका बीचको मापन पनि यही हो ।

- ब्रह्माकुमार विजयराज सिग्देल

## सच्चा मित्रता

प्रस्तोता : ब्रह्माकुमार प्रेमराज लेखक, गीतानगर

पहिलो विश्वयुद्धको एउटा सिपाहींलाई त्यतिखेर निकै आघात पुग्यो जब उसले आफ्नो एउटा पुरानो साथीलाई युद्धमा ढलेको देख्यो । ट्रेन्चमा परेको त्यो सिपाहींको टाउको माथिबाट लगातार बन्दुकका गोली पड्किरहेका थिए । उसले आफ्नो लेफ्टिनेन्टलाई सोध्यो, के म भुईंमा पल्टिरहेको आफ्नो साथीलाई लिन जान सक्छु ?

"तिमी जान सक्छौ," लफ्टिनेन्टले भन्यो, ''तर मलाई लाग्दैन यसले कुनै फायदा हुनेछ । तिम्रो साथी सायद मरिसकेको छ र तिमीले आफ्नो जीवनलाई समाप्त पार्नेछौ ।" लेफ्टिनेन्टको कुराको कुनै वास्ता नगरिकन ऊ जान तैयार भयो आफ्नो साथीलाई फिर्ता ल्याउन ।

अचम्मसँग ऊ साथी भएनिर पुग्न सफल भयो, माथिबाट बन्दुकका गोलीहरू छुटिरहेकै थिए, उसले साथीलाई काँधमा उठायो र क्याम्पमा बल्लतल्ल ल्याइपुर्‍यायो । जसै ती दुइटा सिपाहींहरू भुईंमा लड्खडाउँदै गिरे, लेफ्टिनेन्टले त्यस घाइते सिपाहींको जाँच गर्‍यो, अनि उसको साथीको मृत शरीरतिर दयालु भावले हेर्दै भन्यो, "मैले भनेको थिएँ त्यो बेकार हुनेछ । तिम्रो साथी मरिसकेको छ र तिमी नराम्रोसँग घाइते भएका छौ ।" "बेकार होइन, म गएको ठीकै भयो सर" उसले भन्यो ।

" 'ठीक भयो' भन्नुको मतलब के हो ?" लेफ्टिनेन्टले सोध्यो । "तिम्रो साथी त मरिसकेको छ ।'' "हो सर" सिपाहींले भन्यो, "तर म गएको ठीक भयो किनकि जब म त्यहाँ पुगें ऊ अझै जिउँदै थियो र भन्दै थियो" 'जिम, तिमी आइपुग्यौ, मलाई थाहा थियो तिमी अवश्य आउनेछौ' । उसका यी अन्तिम शब्दले मलाई सन्तुष्टि मिल्यो । मैले सोचें यदि म नगएको भए उसलाई म नजाँदाको पीडाले कति सताउँथ्यो । मैले साथीलाई बचाउन नसके पनि उसको मप्रतिको प्रेम र विश्वासको भावनाको कदर गरेको र आफ्नो दायित्व पूरा गरेको अनुभव गरें ।"

अरूको कल्याणको लागि हाम्रो शुद्ध र नि:स्वार्थ भावनाले गरिएका प्रत्येक कर्म बहुमूल्य हुन्छन् । कर्मलाई कर्मको तत्कालको परिणामसँग दाँज्न मिल्दैन ।

स्रोत : प्युरिटी, डिसेम्बर, २०१४

# अध्यात्म विज्ञान (कुशल व्यवस्थापन)

✍ब्रह्माकुमार रामसिंह, काठमाण्डौ

व्यक्तिगत, पारिवारिक, सामाजिक र राष्ट्रिय स्तरको कुशल व्यवस्थापन गर्न सकेमा मात्र जीवनलाई सुखद, समृद्ध र तनावमुक्त बनाउन सकिन्छ । तर नयाँ-नयाँ सूचनाको यस युगमा व्यवस्थापन पक्ष भने सरल र तनाव रहित हुन सकेको छैन । यथार्थताको धरातलबाट हेर्दा मानव जीवन, समाज तथा सर्वत्र अस्त-व्यस्त र जटिलताका दृश्यहरू नै देखा पर्दछन् । विज्ञानको आधुनिक युगमा मानव अनेक प्रकारको पीडा, द्वन्द्व र संघर्षमा पिल्सिरहनु आफैंमा घत लाग्दो विडम्बना बनेको छ । मानिसमा समस्या, परिस्थिति र घटनालाई बुझ्ने र विश्लेषण गर्ने क्षमता छ तर समस्या समाधानको परिणाम नकारात्मक नै पाइन्छ । तसर्थ सही समाधानका लागि पृथक् तरिका र विधि विधानको सोच, समन्वयन र कार्यान्वयनको आवश्यकता भएको छ ।

व्यवस्थापनको जिम्मेवारी ग्रहण गर्दा कार्य संचालन र कार्यान्वयनका लागि आवश्यक अधिकारको आवश्यकता पर्दछ । अधिकार विहीन अवस्थामा व्यवस्थापन पक्षलाई उपलब्धिमूलक बनाउन सकिँदैन । किनकि कार्यसम्पादन र संचालन गर्ने आधिकारिक व्यक्तिलाई निर्णय लिइरहनु पर्ने हुन्छ । अधिकार नहुँदा जरुरी समयमा निर्णय लिन नसकेर महत्त्वपूर्ण उपलब्धिबाट वञ्चित रहने अवस्था सृजना हुन्छ । साथै अधिकारलाई नियन्त्रण गर्ने आवश्यक यन्त्रको रूपमा पनि प्रयोग गरिन्छ । कुनै पनि संस्था, संस्थान वा विभागमा मानव संसाधनबाट हुने कमीकमजोरीलाई समयमा नै नियन्त्रण गरी भविष्यमा हुने ठूला हानी नाक्सानीबाट समेत बचाउन सकिन्छ । यदि समयमा नियन्त्रण गर्न ध्यान दिइएन भने संगठनमा अनुशासनहीनता, उदण्डता र स्वच्छन्दताजस्ता कुराहरू मौलाउन थाल्दछन् जसबाट सम्पूर्ण व्यवस्थापनमा डामाडोलको स्थिति आउन सक्दछ । यसका लागि अधिकारले सुव्यवस्थित गर्ने मेकानिजम (mechanism) लाई प्रयोग गर्ने बल प्रदान गरेको हुन्छ । तर अधिकारको पूर्ण रूपमा केन्द्रीकरण पनि हुनुहुँदैन । विकेन्द्रीकरण प्रणाली नै बढी परिणाममुखी हुन जान्छ । साथै हायअर्की (hierarchy: chain of command) को व्यवस्था भने सुनिश्चित हुनुपर्दछ जसबाट माथिल्लो लेबलको अधिकार र तल्लो लेबलको अधिकारका बीच यथोचित सम्बन्धको सिलसिला बनिरहोस् र निर्णय तथा कार्यान्वयन पक्षमा सामन्जस्य ल्याउन सकियोस् ।




तर अधिकार प्राप्त अधिकारीले त्यसको दुरुपयोग भने गर्नु हुँदैन । यदि व्यक्तिले स्वार्थवश गलत नियत राखेर अधिकारको प्रयोग गर्दछ भने त्यसले संगठनभित्र तथा सेवाको क्षेत्रमा ठूलो समस्या पैदा गर्दछ । अत: आध्यात्मिक सोच र चिन्तनले मानिस अहंकारी, स्वार्थी नभएर निरहंकारी र परोपकारी हुन पुग्दछ । अधिकार प्राप्त व्यक्तिले आफूलाई मालिक नसम्झिकन सार्वजनिक सेवकको रूपमा स्वीकार गर्नुपर्दछ । परोपकार अर्थात् जनसेवा (public service) । किनकि सार्वजनिक पदभार प्राप्त गर्नु भनेको आम जनताको नासो हो । तसर्थ त्यसको अधिकतम् प्रयोजन जनहितका लागि नै हुनुपर्दछ । वास्तवमा सेवाधारी भएर कार्य गर्दा व्यक्तिलाई आन्तरिक सन्तुष्टि र खुशीको अनुभूति हुने गर्दछ । सेवाभाव राखेर आफ्नो अधिकार प्रयोग गर्दा व्यक्तिले अनेकौंलाई सुख, सुविधा दिन सक्दछ तथा समस्यालाई छिटो छरितो समाधान गर्न कार्य गर्न सक्दछ । ढिला-सुस्ती गरेर सरोकारवालालाई अल्मल्याउने कार्य हुन सक्दैन । यसबाट धेरै व्यक्तिहरूको हृदयको आशीर्वाद प्राप्त हुन्छ । जसबाट व्यक्तिगत रूपमा अधिकारी व्यक्तिलाई खुशी र हलुकोपनको बोध हुने गर्दछ । सेवामुखी मनस्थितिको नियत राख्नाले नै व्यवस्थापनको क्षत्रमा सफलता प्राप्त गर्न सकिन्छ ।

अधिकार र परोपकारको साथ-साथै व्यवस्थापनको क्षेत्रमा सत्कार, सम्मानको पनि त्यत्तिकै महत्त्वपूर्ण भूमिका हुन्छ । टीमको सम्पूर्ण जनशक्तिलाई उत्प्रेरित गरेर (motivated) सेवामुखी बनाउन स्नेह, सम्मान र सत्कारको व्यवहार अति आवश्यक हुन्छ । मानिसलाई अधिकार र नियम कानुनमा बाँधेर कर्मठ बनाउनुभन्दा पनि स्नेह र सम्मानले स्वतस्फूर्त रूपमा सक्रिय गर्न सकिन्छ । मानिसबाट स्नेह प्यारले जति धेरै काम लिन सकिन्छ डर र त्रासबाट उसको क्षमता (efficiency) झन् कुण्ठित हुन पुग्दछ । डर त्रासबाट मानिसलाई चाहेजस्तो उत्पादनशील (productive) बनाउन सकिँदैन । कुनै पनि महान् कार्य वा योजनालाई पूर्णता दिन संगठनको सौहार्दमय सहयोग चाहिन्छ । एउटा व्यक्ति वा एउटा तहबाट मात्रै कार्य गरेर महान् परियोजना सफल हुन सक्दैन । भनिन्छ गोवर्धन पर्वत उठाउनका लागि भगवान्लाई समेत गोप-गोपिनीहरूको औंलाको खाँचो परेको थियो । त्यस्तै वर्तमान युगमा कुनै पनि क्षेत्रको फलदायी परिणामका लागि त्यहाँ कार्यरत सबैको संयुक्त सहयोगको आवश्यकता पर्दछ । त्यस अवस्थामा कार्य सहज रूपमा सम्पन्न हुन्छ पनि ।

मूलत: आध्यात्मिक विज्ञानले प्रत्येक जिम्मेवार व्यक्तिलाई स्वशासित (Self-ruler) र स्वनियन्त्रित (Self controller) बनाउने गर्दछ । यसबाट व्यक्ति प्रथमत: आफू आफ्नै शासक बन्दछ । अर्थात् ऊ स्वअनुशासित बन्न पुग्दछ । सिद्धान्तत: स्वशासनबाट सुशासन (Good Governance) गर्न सकिन्छ । जब जिम्मेवार व्यक्ति स्वयं स्वतस्फूर्त रूपमा आफ्नो स्वराज्याधिकारी बन्दछ उसले नै सही ढंगले सबैमाथि शासन गर्न सक्दछ । वर्तमान युगमा व्यक्तिको स्वराज्याधिकारको हैसियत अति न्यून रहेको अवस्था छ । जसले गर्दा शासन व्यवस्थामा विविध समस्याहरू पैदा भएका छन् । यसलाई दिगो रूपमा सुव्यवस्थित गर्न मानिसले स्वयंमा आध्यात्मिक जागृति, आत्म-जागृति ल्याउनु जरुरी भएको छ, जसबाट निरन्तर रूपमा प्रत्येक व्यक्ति, घटना र परिस्थितिप्रति सकारात्मक बन्न सकोस् । उसको मनस्थिति प्रतिक्रियावादी नभएर स्वीकारवादी बन्न पुग्दछ । यसले गर्दा पहाडजस्तो परिस्थितिलाई पनि तोरीको दानासमान बनाउन सकिने वातावरणको सृजना हुन्छ ।

व्यवस्थापनमा सफलता हासिल गर्न टिमलाई प्रशंसा गर्ने संस्कृति लागु हुनु पर्दछ जसले गर्दा काम गर्न व्यक्तिको हौसला, उमङ्ग, उत्साहलाई सक्रिय बनाउन सकियोस् । कसैको कार्यलाई प्रशंसा गर्दा उसले स्नेह र प्यारको अनुभूति गर्दछ र उसमा भावनात्मक प्रेरणा पैदा हुन्छ । त्यस्ता व्यक्तिले भविष्यमा बढी रुचिका साथ परिश्रम गर्न थाल्दछ । आफ्नो तर्फबाट कसैलाई पनि प्रशंसा गर्न तथा धन्यवाद दिन कन्जुस्याईं गर्नु हुँदैन । तर आफूले भने अरूबाट मान, सम्मान, प्रशंसा, यश, कीर्ति र वाह-वाहको थपडीको अपेक्षा राख्नु हुँदैन । आध्यात्मिक सिद्धान्तले मानिसलाई स्पष्ट पार्दछ कि जसले दिने गर्दछ त्यो दाता अथवा देवता बन्दछ र जसले लिने काम गर्दछ त्यो भिकारी श्रणीमा पर्दछ । अब छनौट गर्ने अधिकार प्रत्येकलाई छ– कुन श्रेणीलाई चयन गर्ने ? वास्तवमा जसले बढी मान, सम्मान, सुख, सुविधा र शुभभावना शुभकामना दिन सक्दछ कर्म सिद्धान्त अनुसार त्यसको धेरै गुणा उसलाई प्राप्त हुन्छ नै । विडम्बना नै भन्नु पर्दछ– व्यक्ति दिनुभन्दा पनि लिनुमा बढी आतुर भएको पाइन्छ, आफूबाट भन्दा पनि अरूबाट बढी अपेक्षा गर्ने गर्दछ ।

प्रत्येक क्षेत्रमा कुशल र परिणाममुखी व्यवस्थापन गर्नु सबैको साझा चाहना हुन्छ । त्यसको सफलताको लागि मानिसले अधिकार, परोपकार र सत्कारको सूत्रलाई समानताका साथ कार्य क्षेत्रमा प्रयोग गर्नुपर्दछ, अर्थात् नियम र प्रेम (law & love) तथा दृढता र लचकता (rigidity & flexibility) को बीच सन्तुलनको अभ्यास गर्नुपर्दछ । भनिन्छ व्यवस्थापनमा विषय वस्तुको ज्ञान ३५ प्रतिशत भए पुग्दछ । ६५ प्रतिशत उसको व्यावहारिक र वैचारिक कुशलताले काम गर्दछ । आध्यात्मिक विज्ञानको योगदान यही पक्षमा केन्द्रित रहन्छ । व्यक्ति कुनै पनि प्रतिकूल परिस्थितिमा आफ्नो बोली, वचन, व्यवहार र सम्बन्धमा नचुकोस् । शान्ति, धैर्यता, नम्रता, मधुरता र स्थिर मनस्थितिलाई जीवन र व्यवहारमा कायम गर्न सकोस् । सफलता र असफलताका बखत आत्तिएर वा मात्तिएर होइन बरु समस्थितिमा रहनु महानता एवं समाधान स्वरूप बन्नु हो । कुनै पनि समस्यालाई सकारात्मक प्रत्युत्तरका आधारमा नै थोरै समय र शक्तिको प्रयोगबाट परिवर्तन गर्न सकिन्छ । त्यसैले व्यवस्थापनलाई सरल, सुगम र उपलब्धि मूलक बनाउने जिम्मवार व्यक्तिमा आध्यात्मिकताको जागृति हुनु जरुरी छ । यसबाट नै एक सुखद, समृद्ध र शान्त समाजको निर्माण गर्न सकिन्छ । ✺

आफ्नो दोष खोजर निकाल्नु ज्ञान वीरहरूको काम हो । – स्वामी विवेकानन्द



## स्वास्थ्य रहस्य HEALTH

**इसबगोल, इषद्गोलम्**, *Tharam (Am), Ripple Grass, Plantago ovata:*
*चिनारी :* यो २-३ फिट अग्लो, पत्ता धानझैं, हाँगाबिँगा नभएको सीधा डालीमा गहुँसमान बाला हुन्छ । यसभित्र धेरै बीज र यसमा मसिनो सेतो झिल्ली निस्कन्छ जसलाई इसबगोल भुसी भनिन्छ । युनानी ग्रन्थमा हजारौं वर्ष पहिलेदेखि अरबी र पर्सियन लेखक/हकीम-वैद्यहरूले इसबगोलको वर्णन गर्दै आएका हुन् । *गुणधर्म :* यो मलमूत्र शुद्धिकर, विजातीयद्रव्य निष्कासक, पित्तहर, पित्तज्वर निवारक, पेटको समस्त रोगमा लाभदायक, पाचक, पौष्टिक, कब्जहर मानिन्छ । इसबगोल बीज शीतल, पेटको आन्द्राहरूलाई मुलायम गर्ने, सुकेको मल निकाल्ने, रक्तातिसार र आउँ-अतिसार सन्चो पार्ने, कब्ज खुलाउने, पेटबाट दिसा पूरै निकाली आन्द्रा शुद्ध राख्ने, आन्द्राको घाउलाई बिस्तारै सन्चो गराउने साथै गाना गोला, अपच, पित्तअधिकता, अर्श आदि समस्यामा औषधीको काम गर्दछ । *खाने सामान्य तरिका :* यसको बीजलाई निफनेर धूलोमूलो हटाई चाल्नोमा चालेर सफा पारी २-३ पटक पानीमा धोई १०-२० ग्राम आधा घन्टा भिजाएर मन ताता दूध/पानीसँग सुत्नबेलामा बेलुकी ९ बजे र बिहान ७ बजेतिर ठन्डा पानीसँग खाएर यस औषधिबाट लाभ लिन सकिन्छ । रक्तातिसार र आउँ-पखालामा फुलेको ढाडिएको मल पाचन-प्रणालीबाट ४-६ घन्टामा गाँठो परेर निस्कन्छ । स्वच्छ सुकेको बीज १०-२० ग्राम धोएर शक्खर १-२ चम्चा राखी आधा घण्टापछि जब फुलिसक्छ तब खानु उत्तम हुन्छ । १-२ लिटर पानीमा २०-२५ ग्राम कसैलाई ४०-४५ ग्रामसम्म शक्खर १०-२० ग्राम मिलाएर उमालेर राखी प्रत्येक २/२ घण्टामा ७/८ पटक खाँदा विशेष लाभ पुऱ्याउँछ । बीजको सट्टामा भुस आधा भाग शक्खरमा मिलाएर ५-१० ग्राम राति सुत्ने बेलामा र बिहानै ६ बजे मन तातो पानीसँग दुईपटक खाँदा पाचन प्रणालीको तीव्रता बढाउँछ । प्रोटोजल र बेसीलरी नामक कीटाणुबाट पैदा भएको पेचिसमा भुसी लिनु लाभदायक हुन्छ । खतरा कब्जियतमा, आन्द्रा सुकेकोमा, आन्द्रामा विजातीय द्रव्य लेसिएकोमा, इसबगोलको भुसी उपयोगी हुन्छ । सानो आन्द्रामा मल अवरुद्ध हुँदा भुस नै हितकारी मानिन्छ । यदि धेरै पुरानो एमेविक रक्तातिसार भएमा र यसले मात्र कीटाणु मार्न नसकेमा इन्द्र जौको बोक्रो ३/३ ग्राम इसबगोल ५-१० ग्राम खानाको २ घण्टा अगाडि २ पटक खाँदा १०-१५ दिनमा पूरै सन्चो हुन्छ । यो अनुभूत कल्याणकारी योग हो ।




लेखक : योगी धर्म महारस
साभार : आधुनिक जडीबुटी विज्ञान

## प्रभुप्रिय, लोक प्रिय र मनप्रिय बनाउने गुण

**साभार : गीता का सत्य सार**

गीतामा जुन महान् लक्षणहरू र गुणहरूको वर्णन छ, तिनलाई पढ्दा त कुनै पनि व्यक्ति यसै निश्चयमा पुग्छ– यदि ती गुणहरूलाई धारण गर्छ भने मानिस निश्चय नै प्रभु-प्रिय, लोक-प्रिय र मन-प्रिय बन्न सक्छ । हामीले गीताको बाह्र अध्यायलाई मात्र लिंदा पनि त्यसमा जुन जुन धारणा उल्लेख छन् ती ज्यादै सूक्ष्म र महान् छन् । भनिएको छ – भगवान्लाई ऊ प्रिय लाग्छ जो सबै प्रकारको पवित्रता पालन गर्नमा ज्यादै कुशल छ र जसको मन, वचन र कर्म सदा पूर्ण पवित्रताको लागि नै हुन्छन् । स्वभाविकै हो कि यस्तो पवित्र व्यक्तिले न कहिल्यै कसैको निन्दा, चुग्ली वा व्यर्थ कुरा गर्छ, न सुन्छ न सुनाउँछ, न अपवित्र व्यक्तिको संगत नै गर्दछ । उसले न त कसैको अवगुणको, न कहिल्यै कसैको अशुचिको ध्यान गर्दछ न मानसिक रूपमा उनीहरूसँग आफ्नो कुनै विशेष सम्बन्ध राख्दछ । यसैले गीतामा भनिएको छ भगवान्लाई ऊ प्रिय लाग्छ जो अनासक्त छ र त्यस्तो संगतबाट टाढा रहन्छ ।

जो मनुष्य व्यर्थ संगत गर्दैन ऊ स्वभावैले कम बाल्नेवाला हुन्छ । उसले आफ्नो वचनलाई लोक कल्याणार्थ नै प्रयोग गर्दछ, ऊ आफ्नो वाक् शक्तिको अपव्यय गर्दैन । यसैले भगवान्ले भन्नुभएको छ– मलाई ऊ प्रिय लाग्छ जो मौन रहन्छ । तर मुखबाट पनि उही मौन रहन सक्छ जसको मन मौन रहन्छ र मन उसको मौन रहन्छ जसको मनमा कुनै इच्छा हुँदैन । जसको मनमा अनेक कामना र तृष्णा छन् उसको मन कसरी मौन रहन सक्छ ? यसैले गीतामा भनिएको छ– मलाई ऊ प्रिय लाग्छ जो कसैसंग पनि कुनै प्रकारको आशा राख्दैन । जसले कर्म त गर्छ तर कर्मको फलस्वरूप उसलाई मान-यश, पद-प्रतिष्ठा या पदार्थ आदिमा आकांक्षा हुँदैन । यस संसारबाट उसको मन बिलकुल टाढा हुन्छ । तर प्रश्न उठ्छ– मानिसको कामनाको अन्त्य कसरी हुन्छ जसकारण उसले मौनताको सुख पाउन सकोस् ? यसका लागि गीतामा भगवान्ले भन्नुभएको छ– जसले मन र बुद्धिलाई ममा अर्पण गरेको हुन्छ, उसको मन शान्त रहन्छ ।

तपाईं सोच्न सक्नुहुन्छ जो व्यक्ति यस संसारबाट उदासीन हुन्छ र जसले सर्वस्व प्रभुलाई नै अर्पण गरेको हुन्छ त्यो मानिस सदा यस भावनामा रहन्छ– अब मलाई आफ्नो घर परमधाम जानु छ । उसको बुद्धिको लंगर यस संसारबाट माथि उठिसकेको हुन्छ र ऊ आफ्नो मनद्वारा परमधामरूपी पवित्र तीर्थको यात्री बन्दछ । यसैले गीतामा भनिएको छ– मलाई त्यो आत्मा प्रिय लाग्छ जो अनिकेत छ अर्थात् जसले यस दुनियाँमा आफूलाई पाहुना अथवा यात्री मात्र मान्दछ । जसको यस्तो अवस्था हुन्छ, निश्चय नै उसलाई परमपिता परमात्माबाट आनन्द, शान्ति, प्रेमको अपार खजाना प्राप्त भइरहेको हुन्छ । तब यस्तो स्थिति भएको व्यक्तिलाई मान-अपमान, सर्दी-गर्मी, सुख-दुख, हानी-लाभ सबै परिस्थितिमा सम-चित्त अर्थात् एक-रस अवस्था भएको, स्थिरमति भनिन्छ किनकि ऊ त उस परमात्माबाट नै मिलिरहेको अपार खजानाको कारण सदा एक अजीब मस्तीमा मस्त रहन्छ । यस्तो व्यक्ति नै वास्तवमा सदा तृप्त हुनसक्छ । यस्तो सतत सन्तुष्ट नै भगवान्लाई प्रिय लाग्छ । उसले न कसैलाई उद्वेगमा ल्याउँछ न स्वयं कहिल्यै उद्विग्न हुन्छ अथवा न उसलाई कुनै चिन्ता हुन्छ न कसैसँग भय किनकि उसको मनमा कसैप्रति पनि शत्रुताको भाव हुँदैन । अत: यदि मनुष्य "अनिकेत:" भावमा स्थित हुन जान्छ, अर्थात् एउटै कुरा सदा याद राख्दछ– "अब त म यस देहको बन्धनबाट तथा यस संसारबाट मुक्त भएर फर्केर आफ्नो घर (परमधाम) जानु छ । यो संसार मेरो घर होइन ।"

वास्तवमा यी गुणलाई पूर्ण रीतिबाट धारणा गर्नु नै सच्चा पुरुषार्थ हो । जो यस्तो पुरुषार्थी हुन्छ उसमा हेल्चक्र्याईं हुँदैन । ऊ कुनै पनि रोकावटका कारण रोकिँदैन ।

प्रस्तोता : ब्रह्माकुमार पद्मपाणि सुवेदी, भरतपुर

*मिथ्या दृष्टि भएको मानिसको कहिल्यै पनि सद्गति हुन सक्दैन ।* – गौतम बुद्ध

# खुशी मानव जीवनको श्वास (प्राण वायु)

✍ ब्रह्माकुमार हेमन्त, शान्तिवन, आबुरोड

मानवलाई यस धरामा ईश्वरबाट प्राप्त सर्वोच्च वरदान हो खुशी । खुशी हर मनको चाहना, सुखमय जीवनको यथार्थ मार्ग एवं स्वस्थ भरपूर अन्तस्करणको गहिरो अवस्था हो । खुशी हर्षित वा आनन्द मनको वृत्ति, सुसंस्कारित मानवको श्रेष्ठ कृति एवं दिव्य आत्माको स्वाभाविक प्रकृति (स्वभाव) हो । खुशी जीवन सौरभ, आत्माको अन्तर्मनको मंगलनाद, जीवनको श्वास, स्वस्थ जीवन वा स्वास्थ्यका लागि शक्तिशाली खुराक, आन्तरिक शक्ति, तथा जीवन्तताको प्रमाण हो । उदासी, चिन्तित र संतप्त हृदयका लागि प्राणदायी जीवनामृत हो, जसले पलभरको खुशीको महसुसले मरणासन्न असमर्थ आत्मालाई जीवनको मधुरसको स्वाद चखाउन सक्छ । खुशीविना मानव मृतप्राय, अस्तित्वशून्य, मूल्यहीन, निरस, अर्थहीन र मात्र बोझ बन्दछ । पलभरको खुशीले मनलाई ताजा गरिदिन्छ, आत्मालाई उमंग-उत्साहको पंख लगाइदिन्छ, जसद्वारा आत्म-पन्छी असीमित आकाशमा स्वतन्त्र उच्च उडान गर्नमा समर्थ बन्छ ।

खुशीले आत्मालाई चिरकाल अविनाशी अस्तित्वको बोध गराउँछ । सन्तोषको परम स्रोतबाट खुशीको जन्म हुन्छ । प्राप्ति चाहे स्थूल होस् वा सूक्ष्म, आत्मिक होस् अथवा भौतिक आत्मालाई सन्तोषले भरिदिन्छ । सन्तुष्टताबाट प्रकट भएको सुखले आत्मालाई खुशीरूपी अमृत चखाइदिन्छ । अभिनव रचनात्मकताले सहजै खुशीको सृजना गरिदिन्छ । गुणले सम्पन्न मानवको अनमोल अविनाशी धन हो खुशी । जुन अचौर्य छ परन्तु बाँड्नाले तीव्रगतिले बढ्दै जान्छ । दानरूपी अद्भुत यन्त्रको आधारमा खुशी असंख्य गुना बढ्दछ । खुशी एउटा आन्तरिक मधुर सुखदायी अनुभूति हो, जो बाहिरी जगत्मा खोज्दा पाईँदैन अपितु अन्तरात्माबाट प्रकट हुने रसधारा हो । भौतिक जगत्को मोज मस्ती दिलाउने साधनले अल्पकालीन खुशी दिन सक्छ तर आत्माको सप्त गुणको सतत अनुभूति वा अभ्यासले नै अविनाशी चिरकालीन खुशी प्राप्त हुनसक्छ । परमानन्दको महासागर परमात्मामा आत्मा डुबुल्की लगाएर प्रभु-प्रेमको रसमा भिझेको प्रभुप्रेमीले असंख्य खुशीरूपी मोती प्राप्त गर्दछ । वास्तवमा आत्मचिन्तन एवं प्रभु मिलन नै खुशीको उद्गमबिन्दु एवं अनन्त स्रोत हो ।

खुशी प्राप्त गर्नका लागि आज मानिसले कति प्रयत्न गरिरहका छन् । कहिले चन्द्रमामा, कहिले सगरमाथा शिखरमा त कहिले सागरतल खुशी खोजिरहका छन् । कोही विज्ञानको आविष्कारद्वारा मन बहलाउन खोजिरहेका छन् भने कोही जिभ्राको क्षणभंगुर स्वादमा खुशी खोजिरहका छन् । खुशी प्राप्त गर्ने दौडमा मानव कोशौं कोश टाढा चक्र लगाउँछन् । परन्तु कति अफसोचको कुरा छ– आज मनुष्यले धर्ती र आकाशलाई एक गर्दा पनि खुशी स्थायी रहन सकेको छैन । किनकि मानवको खुशी प्राप्तिको लागि गरिएका सबै प्रयास बाह्यमुखी वा विनाशी स्रोतसँग जोडिएका हुन्छन् । खुशी त आत्मालाई आन्तरिक समृद्धि दिलाउने अविनाशी धन सम्पत्ति हो, जसको खोज बहिर्मुखी नभएर अन्तर्मुखी हुनुपर्छ । अन्तर्मुखताको गहन प्रयोगशालामा बसेर आत्मिक गुणको आधारमा गरिएको प्रयोग वा अनुसन्धानले अविनाशी खुशी जन्माउन सक्छ । स्थूल संसाधन वा भौतिक आडम्बरमा खुशीलाई खोज्नु त पानी मथेर नौनी निकाल्न खोज्नुजस्तै निरर्थक प्रयास हो ।

एउटा नगरमा धनी व्यक्ति बस्दथ्यो । हीरा, जुहारत, मोती माणिक्य अथाह धन सम्पदाको मालिक थियो । सुख सुविधाका सबै साधन घरैमा थिए । नोकर चाकर हर हुकुमको पालन गर्नका लागि तयार रहन्थे । कुनै कुराको कमी थिएन तर सेठको मन सधैं अतृप्त रहन्थ्यो । एक दिन ऊ साँचो खुशीको खोजीमा निस्कियो । सारा संसार भ्रमण गर्दा पनि उसलाई पलभरको खुशी प्राप्त भएन । हारेर, थाकेर आखिर खालि हात ऊ घर फर्कियो । यत्तिकैमा अचानक त्यस नगरमा एउटा साधु घुम्दै आइपुग्यो । त्यो साधु हर

बाँकी ७ पजमा.......

# परमात्मा शिव कन्याहरूको कन्हैया बन्नुभयो

✍ ब्रह्माकुमार किसनदत्त शान्तिवन, आबुरोड

यस्तो भनिन्छ– 'निर्बलको बल राम' । निस्सन्देह उपरोक्त लोकोक्ति सत्य हो । यस्तो कति पटक अनेकौंको जीवनमा हुने गर्दछ । संक्षेपमा यही भन्न सकिन्छ– यस्तो अनुभव उनीहरूकै हुनसक्छ जसको मनोभूमि वा जसमा यस्तो पात्रता हुन्छ । विषयलाई स्पष्ट गर्नका लागि महाभारतमा वर्णित एक वृत्तान्तको उल्लेख गर्नु यथोचित होला । वृत्तान्त बडो सारगर्भित छ । मलाई बडो प्रीतिकर लाग्छ । यस्तो वर्णन छ– एकपटक भामासुर नामको राक्षसले १६००० राजकुमारीहरूको अपहरण गरेर उनीहरूलाई बन्दी बनाएको हुन्छ । राजकुमारीहरूले श्रीकृष्णजीसँग बिन्ती गर्छन्– हामीलाई यस राक्षसबाट छुटाउनुहोस् । उनीहरूको बिन्ती सुनेर श्री'कृष्ण'जी त्वरित वहाँ जानुहुन्छ । वर्णन छ, त्यो राक्षससँग श्री'कृष्ण'ले युद्ध गर्नुभयो । युद्धमा श्री'कृष्ण'ले त्यो राक्षससहित अरू राक्षसको पनि वध गरिदिनुहुन्छ । श्री 'कृष्ण'ले सबै १६००० राजकुमारीलाई रिहा गरिदिनुहुन्छ । राजकुमारीहरूलाई भन्नुहुन्छ– अब तिमीहरू आफ्नो पिताको घर सुरक्षित फर्किएर जाओ । तर उनीहरू वापस जान मान्दैनन् । श्री'कृष्ण' उनीहरूसँग सोध्नुहुन्छ– तिमीहरू किन आफ्नो पिताको घर जान चाहँदैनौ ? उनीहरू भन्छन्– हे 'कृष्ण' ! हाम्रो वैदिक परम्परा अनुसार यदि कोही अविवाहित स्त्री एक दिन पनि आफ्नो घर बाहिर रहन्छिन् भने उसले जीवनपर्यन्त अविवाहित नै रहनुपर्छ । यसैले हामी पिताको घर वापस जान चाहन्नौं । श्री'कृष्ण' सोध्नुहुन्छ– त्यसोभए तिमीहरू के चाहन्छौ ? उनीहरूले भने– हे श्री 'कृष्ण' ! हामी चाहन्छौं– तपाईं हाम्रो पति बन्नुहोस् । तपाईं हामीलाई आफ्ना पत्नीका रूपमा स्वीकार गर्नुहोस् । हामी तपाईंलाई नै आफ्नो पति स्वीकार गर्दछौं । हाम्रो जीवनमा अब केवल तपाईंमात्र हुनुहुन्छ अरू कोही छैन । कहानी छ– श्री'कृष्ण'ले विना कुनै शर्त आफ्नो विराटता र विशाल हृदयको परिचय दिदै उनीहरूलाई तुरन्त स्वीकार गर्नुभयो ।

यसरी श्री'कृष्ण'ले ती सबै राजकुमारीहरूको जीवनलाई सुरक्षा प्रदान गर्नुभयो । उनीहरूलाई चिन्तित हुनबाट बचाउनुभयो । ती असक्त कुमारीहरूको जीवनको उद्धार गर्नुभयो । प्रश्न उठ्दछ– के यो घटना ठीक यसरी नै घटेको होला, जस्तो वर्णन छ ? यस्तो कुनचाहिँ राक्षस बसेको होला जसले राजकुमारीहरूको अपहरण गरेर उनीहरूलाई बन्दी बनाओस् ? सम्पूर्ण अहिंसक श्री'कृष्ण'ले के कुनै यस्तो हिंसक युद्ध गरेको होला ? के १६००० राजकुमारीलाई आफ्ना पासमा शरण दिएको होला ? १६००० राजकुमारीको भविष्य कस्तो भयो होला ? विवेकले भन्छ– यी कहानीहरू सबै रूपक हुन् । यो ठीक यसरी नै घटेको थिएन जस्तो यहाँ वर्णन छ । कथाकारले कहानीलाई प्रतीकात्मक रूपमा ढाल्दछन् जसको आध्यात्मिक अर्थ निस्कन्छ ।

सकारात्मक वृत्तिद्वारा यस्तो वृत्तान्तको आध्यात्मिक अर्थलाई बुझ्न सकिन्छ । अतीतको घटनालाई प्रतीकात्मक रूप दिएर याद गरिन्छ । समयको अन्तरालमा विस्मृति हुँदै जान्छ । केही घटनाहरू धेरै प्रेरक हुन्छन् । कसैले बिरलै यस्ता घटनाबाट प्रेरणा लिन्छन् । यस्ता घटना आफ्नै जीवनका हुन् वा अन्य कसैका । तिनमा धेरै प्रेरणा शक्ति हुन्छ । तिनमा जीवनको दिशा बदल्ने शक्ति हुन्छ ।

परमात्माको गुणात्मक नाम– "कृष्ण" । वस्तुत: यस वृत्तान्तमा निराकार ज्योतिर्बिन्दुस्वरूप परमात्मा शिवको कर्तव्य विशेषको वर्णन छ । 'कृष्ण' शब्दको दुई अर्थ हुन्छन् । 'कृष्ण' संस्कृतको शब्द हो जसको अर्थ हुन्छ– आकर्षित गर्नेवाला । निराकार ज्योतिर्बिन्दु स्वरूप (शिव) परमात्मा पवित्रताको सागर हुनुहुन्छ । उहाँको पवित्रतामा सबैभन्दा दिव्य आकर्षण हुन्छ । यसैले परमात्मालाई उहाँको रुहानी आकर्षणका कारण 'कृष्ण' पनि भन्न सकिन्छ । सबैलाई आकर्षण गर्नेवाला परमात्मा शिव साधारण मनुष्यलाई आफ्नो साकार माध्यम बनाएर अवतरित हुनुहुन्छ । यो माध्यम बन्नेवाला आत्मा उही आत्मा हुन्छ जो सत्ययुगको प्रथम राजकुमार–'कृष्ण' थिए । यो

बाँकी ७ पजमा.......

*आदि दव......*

हुन् भने यज्ञमाता सरस्वतीलाई भनिन्छ । ब्रह्मा र सरस्वती नै एडम र इभ हुन् । सृष्टिको शुरुवात नै एडम र इभको रचनाबाट हुन्छ ।

पाँच हजार वर्षअगाडि उत्पत्ति भएको कल्पवृक्षको शुरुवात आदि सनातन देवी देवता धर्मबाट भयो । समय बित्दै गएपछि विभिन्न धर्महरूको उत्पत्ति हुँदै गयो । विभिन्न मत, पन्थ र सम्प्रदायहरूको स्थापना हुँदै गयो । पवित्र देवी देवताहरूको कला घट्दै गयो । कल्पवृक्षका हाँगाबिँगाहरू फैलिएर झाँगिदै गए तर कल्पवृक्षको मूल तना सुक्दै गयो । अब समय आइपुगेको छ यो जीर्ण कल्पवृक्षको अन्त्यको किनकि नयाँ कल्पवृक्षको बीजारोपण भइसकेको छ परमपिता परमात्मा शिवबाबाद्वारा ।

परमधाम निवासी स्वयं परमात्मा ज्योतिबिन्दु स्वरूप हुनुहुन्छ भने बाबाका बच्चा आत्माहरू पनि ज्योतिबिन्दु स्वरुप नै छन् । तर हरेक आत्माको रूप र संस्कार बेग्लाबेग्लै छ । हरेकको पार्ट फरक-फरक छ । एक आत्माको संस्कार अर्को आत्माको संस्कारसँग मिल्दैन । पूर्वजन्मको संस्कार अनुरूपकै रूपाकृति र शरीर हरेक आत्माले पाएका छन् । आकारमा हरेक आत्मा समान देखिन्छन्, ठूला साना हुँदैनन् र स्वयं परमात्मा पनि आत्मा समान ज्योतिबिन्दु रूपको नै हुनुहुन्छ तर गुण, धर्म र संस्कार फरक-फरक छन् । यिनै गुण, धर्म र संस्कारका आधारमा नै प्रत्येक आत्माले अर्को जन्ममा लौकिक माता पिता एवं परिवारजन पाउँछन् तथा समाजमा र राज्यमा फरक फरक पद, मान सम्मान, अमीरी गरिबी, सुख समृद्धि, स्वास्थ्य, सौन्दर्य र कुरूपता आदिको अवस्था पार गर्नुपर्ने हुन्छ ।

ब्रह्मा बाबाको यस ज्ञान यज्ञमा विभिन्न समयमा विभिन्न बाधाहरू पनि आइपरे । तर तिनीहरू सबै अग्निमा परेको सुकेको पातझैं जलेर खरानी भए । यसप्रकार दादा लेखराज (ब्रह्माबाबा) अनेकौं बाधाहरू पार गर्दै सहज राजयोगको माध्यमबाट ब्रह्मावत्सहरूको कल्याण गर्दै विभिन्न नगरहरूमा ईश्वरीय सेवाकेन्द्रको स्थापना गर्ने कार्यमा सतत प्रयत्नशील रहनुभयो । बाबाले आफ्ना बच्चाहरूलाई यज्ञ सम्बन्धी विविध कार्यहरूको यथेष्ट ज्ञान दिनुभयो र कार्य विभाजन गरी हरेकलाई एक-एक कार्यको जिम्मेवारी सुम्पिदिनु भयो । अर्को शब्दमा भन्ने हो भने ब्रह्मा बाबाले यस धर्तीमा आफ्नो साकार लीलाको संवरण गर्न थाल्नु भयो ।

सन् १९६९ को जनवरी महिना थियो, बाबाको स्थूल शरीरले ९४ औं वर्ष पार गर्दै थियो र बाबा प्राय: अस्वस्थ रहन थाल्नु भएको थियो । तर पनि बाबा दैनिक कार्य सुचारु रूपमा चलाउँदै हुनुहुन्थ्यो । यस्तैमा जनवरीको १८ औं तारीकको त्यो हृदयविदारक दिन आइपुग्यो जसले बाबालाई हदको यस संसारबाट उसपार ब्रह्मावत्सहरूदखि टाढा बेहदको त्यो संसारमा पुऱ्याइदियो जहाँ आजअघि कोही पनि पुग्न सकेको थिएन । त्यो दिन पनि बाबा आफ्नो कर्तव्यमा चुक्नु भएन । सन्ध्याकालीन दैनिक प्रवचन तथा ज्ञानको रहस्यको बारेमा आफ्ना प्रिय वत्सहरूलाई शिक्षा दिँदै भन्नुभयो- आफ्नो निन्दा गर्नेहरूप्रति पनि कहिल्यै घृणा गर्नु हुँदैन बरु उनीहरूलाई आफ्नो मित्र मान्नु पर्दछ, किनकि उनीहरूले हाम्रो कमी कमजोरीहरू औंल्याएर हामीलाई सावधान गरिदिन्छन् । परचिन्तन पतनको मूल कारण हो तथा आत्मचिन्तन नै उन्नतिको सिंढी हो । घडीले रातीको ८.४५ बजेको संकेत दिएपछि बाबाले आफ्नो प्रवचन समाप्त गर्नुभयो र सबै ब्रह्मावत्सहरूलाई गुडबाई भन्नुभयो र आफ्नो अन्तिम वाणी बोल्नुभयो- "निर्विकारी, निराकारी र निरअहंकारी बन ।" त्यसपछि ब्रह्माबाबा बिस्तारै आफ्नो शयनकक्षतिर लाग्नुभयो र खाटमा बस्नुभयो । यत्तिकैमा बाबाले लामो लामो सास फेर्न थाल्नु भयो । बाबाले आफ्नो एउटा हात छातीमा राख्नु भयो र अर्को हात दादी प्रकाशमणिको हातमा राख्नुभयो । देह र आत्माको सम्बन्ध विच्छेदमा एक कम्पन बाबाको मुहारमा देखियो अनि बाबाले सदाको लागि लौकिक देहबाट बिदा लिनुभयो । बाबाका नेत्र बन्द थिए अनि थियो चेहरामा असीम शान्ति र सुखको तेजोमय आभा । डाक्टर आइपुग्दा ढिलो भइसकेको थियो, वातावरणमा सर्वत्र मौन शान्ति छाइसकेको थियो । सम्पूर्ण ब्रह्मावत्सहरू अवाक् भए, कसैको मुखबाट पनि एक शब्द निस्कन सकेन । यो एक नियति थियो । व्यक्त ब्रह्मा बाबा अव्यक्त हुनुभयो । अब अव्यक्त भएरै ब्रह्मा बाबाले आफ्नो सम्पूर्ण बाँकी कार्य पूरा गर्नु हुनेछ । परमपिता परमात्मा शिवबाबाको वरद पुत्र आदिदेव ब्रह्मा बाबा आफ्नो सम्पूर्ण वत्सहरूको कल्याणार्थ स्वर्णिम संसारको द्वार खोल्दै हुनुहुन्छ, हाम्रो कर्तव्य हो उहाँको अनुसरण गर्नु ।

परमपिता परमात्मा शिवबाबा आफ्ना बच्चाहरूको लागि साकार ब्रह्मा बाबाको मुखारविन्दबाट अति प्यारो शब्द 'मीठे बच्चे' को प्रयोग गरेर मुरली आरम्भ गर्नुहुन्छ । मुरलीको मीठो धून सुनेर मनै रमाउँछ, मस्तिष्कमा आनन्दको लहर तरंगित हुन्छ भने ब्रह्माबाबाको कण्ठबाट शिवबाबाद्वारा जुन मुरलीको ध्वनि तरंगित हुन्छ, त्यो ज्ञानगंगाको अजस्र धारामा सम्पूर्ण संसार नै आप्लावित हुन्छ । जसरी सूर्यदेवले विना कुनै भेदभाव आफ्नो प्रकाश रश्मि सम्पूर्ण प्राणीहरू, कीट पतंग एवं वनस्पतिहरूमा समान रूपमा प्रवाहित गर्नुहुन्छ त्यसैगरी परमपिता परमात्मा शिवबाबा पनि बालक, युवा एवं वृद्ध तथा जडबुद्धि एवं विद्वत्जनहरूमा समान रूपले ज्ञानको वर्षा गर्नुहुन्छ अनि हरेक व्यक्तिले आफ्नो बुद्धि एवं क्षमता अनुसार ज्ञानगंगाबाट पवित्र वाणी ग्रहण गरी सदुपयोग गर्दछन् ।

बच्चाहरूको प्रथम पाठशाला नै आफ्नो घर हो र आफ्ना माता पिता तथा अग्रजहरू नै बच्चाहरूका गुरु हुन् । बाबु आमा क्रोधी छन्, विकारी छन् भने बच्चाहरू पनि सजिलैसँग क्रोधी र विकारी बन्न पुग्छन् । यो तमोप्रधान कलियुगमा माता पिता तथा बाल बच्चाहरू सबै आसुरी गुणयुक्त तमोगुण प्रधान छन् । यिनै तमोगुणी आत्माहरूलाई सत्वगुणी बनाउन परमात्मा शिव बाबा यस धर्तीमा आउनु भएको छ । यस जन्ममा आर्जन गरेको संस्कार नै भविष्य सत्ययुगमा काममा आउँछ । सत्ययुगमा पुन: सिकिरहनु पर्दैन । दादा लेखराज (आदिदेव ब्रह्मा बाबा) यसको एक राम्रो उदाहरण हुनुहुन्छ । संन्यास लिनुपूर्व दादा लेखराज हीरा जवाहरातको एक प्रसिद्ध व्यापारी हुनुहुन्यो । एकदिन आफ्ना दुई जना स-साना छोराहरू लिएर एकजना सुनार विशेष कार्यवश दादा लेखराजको हीरा जवाहारातका पसलमा आए । दादाको पसलमा राखिएका चम्किला हीराहरूको पुडियालाई खेल्ने सुन्दर गुच्चाहरू ठानेर उनीहरूले दादाको आँखा छलेर एक पुडिया सुटुक्क लिएर खल्टीमा राखे । सुनार र उसका छोराहरू घर फर्किएपछि दादाले हीराको एक पुडिया हराएको थाहा पाउनुभया । दादा एकछिन घोरिनुभयो । पक्का पनि सुनारका छोराहरूले नै हीराको पुडिया लिएको हुनुपर्छ भन्ने उहाँलाई निश्चय भयो । उहाँले कसैलाई केही भन्नुभएन । केही मिठाई लिएर दादा सुनारको घरमा पुग्नुभयो । दादालाई एक्कासि आफ्नो घरमा देखेर सुनार आश्चर्यचकित भए । दादाले भन्नुभयो- अँ, बच्चाहरूलाई मिठाई दिन बिर्सिएछु, त्यही दिन आएको हो । दादाले बच्चाहरूलाई मिठाई दिँदै भन्नुभयो- मिठे बच्चे, तिमीहरूले खेल्नलाई पसलबाट ल्याएको पुडिया कहाँ छ खोई ? सानो भाई चाहिंले भन्यो - मैल त लिएको होइन, दाइले लिएको हो, माथि राखेको छ, ल्याऊँ ? यति भनेर भाइचाहिंले हीराको पुडिया ल्याएर दादाको हातमा राखिदियो ।

यसरी दादा लेखराजले विना कुनै कठिनाइ हराएको बहुमूल्य हीराको पुडिया केही मिठाईहरू दिएर फिर्ता प्राप्त गर्नुभयो । दादाको शान्तिप्रियता, बुद्धिमानी एवं दूरदर्शिताका कारण कुनै अप्रिय घटना घट्न पाएन ।

यस विश्व नाटक अथवा ड्रामामा सबै घटना पूर्व निर्धारित छन् । स्वयं परमपिता शिव बाबा पनि यस ड्रामाको अटल नियममा बाँधिनु भएको छ । जब जब यस संसारमा धर्मको ग्लानि हुन्छ, धर्मको उत्थान गर्न, साधु सन्तहरूको रक्षा गरेर दुष्कर्म गर्ने पापीहरूलाई नाश गर्न म यस धर्तीमा अवतरण गर्दछु भनेर भगवान्ले अर्जुनलाई भन्नुभएको कुरा श्रीमद् भगवद्गीतामा वर्णित छ । सत्य युग र त्रेता युग भनेको देवी देवताहरूको स्वर्णिम राज्यको समय हो । त्यस समयमा अधर्म एवं विकारहरूको प्रवेश नै हुँदैन । द्वापर युगबाट मात्र देवी देवताहरू आफ्नो दैवी गुणबाट च्युत भएर वाम मार्गमा लाग्न थाल्छन् र कलियुगको अन्तिम चरण शुरु भएपछि धर्मको अति नै ग्लानि हुनथाल्छ, संसारमा पाप कर्म गर्ने पापीहरू धेरै हुन्छन् । मानिसहरू धर्मभ्रष्ट कर्मभ्रष्ट भएर पाप कर्ममा चुर्लुम्म डुब्छन् । अज्ञान अन्धकारमा भौंतारिएका दु:खी आत्माहरू यस धर्तीमा ईश्वरको अवतरणको लागि प्रार्थना गर्न थाल्छन् । श्रीमद् भगवद्गीतामा उल्लेख गरिएको भगवान्को यस धर्तीमा अवतरण गर्ने समय भनेको यही नै हो । यसरी ड्रामा अनुसार परमात्मा अवतरणको निर्धारित समय आइपुगेपछि परमपिता परमात्मा शिव बाबाले साठी वर्षीय एक वृद्ध मानव (दादा लेखराज)को तनमा परकाया प्रवेश गर्नुहुन्छ र आफ्नो पूर्ण परिचय दिनुहुन्छ- निजानन्द स्वरूपम् शिवोऽहम् शिवोऽहम्, ज्ञानस्वरूपम् शिवोऽहम् शिवोऽम्, प्रकाशस्वरूपम् शिवोऽहम् शिवोऽहम् । यसपछि शिव बाबाले दादालाई सत्ययुगी दुनियाँ र विश्वको भावी महाविनाशको साक्षात्कार गराउनु हुन्छ । त्यसपछि परमात्मा शिवबाबाले दादा लेखराजलाई 'आदिदेव प्रजापिता ब्रह्मा'को कर्तव्य वाचक संज्ञा प्रदान गर्नु हुन्छ । यसरी आदिदेव ब्रह्माको पद हासिल गर्नुभएको दादा लेखराज स्वयं परमात्मा हुनुहुन्न, तर स्वयं परमात्मा शिव बाबा ब्रह्मा बाबासँग यसरी कम्बाइण्ड हुनुहुन्छ कि दुवै बाबाबिचको सीमारखा नै छुटिन्न । भनिन्छ नि- "आदम खुदा नहीं लेकिन खुदा आदम से जुदा नहीं" ।

कन्याहरूको कन्हैया..........

उहाँको एक कल्पावधिमा अन्तिम जन्म हुन्छ । गुण स्वभावका कारण उहाँमा पनि रुहानी आकर्षण हुन्छ । यसैले सत्ययुगी प्रथम राजकुमारको नाम पनि श्री कृष्ण हुन्छ ।

नकारात्मक वृति नै बन्धनको रूप हो :- स्वत: स्पष्ट छ– सत्ययुगमा सबै सुखी हुन्छन् । वहाँ कुनै पनि प्रकारको विकार हुँदैन । कुनै प्रकारको दु:ख हुँदैन । त्यहाँ कुनै घटना घट्न सक्दैन । यो कलियुगको अन्त्य वर्तमान समय (पुरुषोत्तम संगमयुग) को घटना हो । यी सबै कुरा अहिले प्रत्यक्ष रूपमा घटिरहेका छन् । जब सबै आत्माहरू विभिन्न प्रकारको आफ्नै निज कर्म-संस्कारको बन्धनमा बाँधिएका छन् । यो कुनै बाहिरी राक्षसको कुरा होइन । वर्तमान समय हर आत्माको अन्तर्तम अवस्थामा दुई प्रकारका वृत्ति छन् । सकारात्मक र नकारात्मक । आत्मा आफ्नो नकारात्मक वृत्तिमा नै स्वयंलाई बाँधिएको अनुभव गर्दछ ।

कन्याहरूको कन्हैया बन्नुभयो : यसरी परमात्मा शिव अवतरित भएर आत्माको तीनै कालको ज्ञान दिनुहुन्छ । परमात्माद्वारा प्रदत्त ज्ञान-योगको शक्तिद्वारा आत्माहरू बन्धनमुक्त स्थितिको अनुभव गर्दछन् । एकपटक परमात्मा अनुभूति (परमात्माको सान्निध्य) प्राप्त गरेपछि कुनै पनि आत्मा फेरि तिनै बन्धनमा रहन चाहँदैन । बिन्ती गर्ने राजकुमारी हुँदैनन् बरु साधारण कुमारी हुन्छन् । यी साधारण कुमारी नै भावी राजकुमारी हुन् । यिनले नै सबैलाई आकर्षित गर्नेवाला सबैका प्यारा परमात्मा शिव (कृष्ण)सँग प्रार्थना गर्छन् । यिनै साधारण कुमारी परमात्मा यादको शक्ति र श्रेष्ठ कर्मको परिणामस्वरूप भविष्यमा उच्च पद पाउनेवाला बन्दछन् ।

उनीहरूले परमात्मालाई आफ्नो पतिको रूपमा स्वीकार गर्दछन् । किनकि उनीहरू जान्दछन् परमात्माको शक्ति अपार हुन्छ । त्यो शक्ति कुनै पनि सम्बन्धको अनुभव गराउनमा सक्षम हुन्छ । परमात्माले पनि उनीहरूलाई विना कुनै शर्त आफ्नो शरणमा तुरन्त लिनुहुन्छ । किनकि उहाँ जान्नुहुन्छ– जो आत्माहरू सबैतर्फबाट बुद्धियोग हटाएर मप्रति समर्पण हुन्छन् उनीहरू अवश्य नै सर्व प्रकारेण बन्धनमुक्त छन् ।

वैदिक मान्यता अनुसार आत्माले आफूलाई न स्त्री, न पुरुष मानेको छ । अर्को मान्यतामा पुरुष केवल एक परमात्मालाई नै मानिएको छ र आत्मालाई परमात्माका प्रमिका मानिएको छ । यसैले यस वृत्तान्तमा केवल राजकुमारीलाई नै दर्शाइएको छ । सबै आत्मा बन्धनमा नै हुन्छन् । तर यस कथामा 'निर्बलको बल राम' लोकोक्तिलाई चरितार्थ गर्ने प्रयास गरिएको छ । यो सम्झाउन खोजिएको छ– परमात्म-शक्ति विना जन्म-जन्मान्तरको बन्धनबाट मुक्ति सम्भव हुन सक्दैन । यी बन्धनबाट मुक्तिका लागि अनिवार्य छ परमात्माप्रति श्रद्धा र समर्पण भावना । यो सम्झाउने प्रयास गरिएको छ– परमात्म-शक्ति विशेष गरी असहाय र निर्बल आत्माहरूलाई सहजै अनुभव हुन्छ । किनकि उनीहरूमा आफ्नो कुनै सीमित अहंकारको अवरोध हुँदैन । उनीहरूमा परमात्माप्रति हार्दिक र बौद्धिक दुवै प्रकारको स्वीकार्यता स्वाभाविक रूपले कार्य गरिरहको हुन्छ । उनीहरूको हृदयमा सहजै श्रद्धा र प्रेमको पुष्प पुष्पित भएको हुन्छ ।

वास्तवमा यो चरित्र परमात्मा शिवको नै हो । परन्तु एएटा कुरा त श्रीकृष्णको आत्मा आफ्नो अन्तिम जन्ममा यी कर्तव्यलाई व्यावहारिक रूप दिनमा निमित्त (माध्यम) बनेको हुन्छ अर्को कुरा कथाकारको विस्मृति, यी दुवै कारणले गर्दा कालान्तरमा श्री कृष्णको साकार रूपलाई नै सम्पूर्ण कर्तव्यको पगरी गुताइएको छ ।

परमात्माको परम स्वीकार्यता : यस वृत्तान्तबाट हामीलाई प्रेरणा मिल्दछ । पवित्रता र आस्था (श्रद्धा-विश्वास) परमात्मालाई प्रिय लाग्छन् । परमात्माको नजरमा यी अत्यन्त अनिवार्य चिज हुन् । परमात्मा यिनलाई पहिले नै विनाशर्त स्वीकार गर्नुहुन्छ । यिनको मूल्यलाई अनुमान लगाउन सकिँदैन । यिनलाई किन्न सकिँदैन । यी आत्माका नितान्त निजतामा अनादि रूपबाट सुरक्षित हुन्छन् । अनुभूतिको प्रक्रियाबाट शुरु भएर जो आत्मा यिनको निजतासम्म पुग्दछ उनीहरूको लागि यी गुण निज सम्पत्ति बन्दछन् । यी अमूल्य चिज हुन् । यिनै ती दैवी सम्पदा हुन् जसले परमात्माको समकक्ष पूजनीय बनाइदिन्छन् । कुनै पनि लौकिक दुनियाँका चिजहरूसँग तुलना गर्न सकिँदैन । कुनै पनि सांसारिक मूल्यांकन ईश्वरीय मूल्यांकनको बराबरी हुन सक्दैन । आत्माको आफ्नो मनोजगत्मा नकारात्मक वृत्तिका रूपमा बन्धन हुन्छन् । परमात्म ज्ञान-योगको शक्तिद्वारा आत्म-साक्षात्कार गर्न सकिन्छ । स्वयंको अन्तर्जगत्लाई पावन गर्न सकिन्छ । परमात्मासँगको अनुभवले सर्व प्रकारको बन्धनमुक्त बन्न सकिन्छ । ❋

## गुणको सागर

रूपमा बिन्दु ज्योति स्वरूप शिवबाबा हजुर
मनुष्यरूपी वृक्षको बीजरूप सुखको सागर ।
ब्रह्मलोक वासी भाग्य विधाता शिव बाबा हजुर
पतित पावन सद्गति दाता प्रेमको सागर ।
परमपिता सद्गुरु शिक्षक शिवबाबा हजुर
सबैको सुख शान्तिको दाता आनन्द सागर ।
अकालमूर्त मुक्तिको दाता शिव बाबा हजुर
स्वरूपमा सद्चित आनन्द सदा शान्तिको सागर ।
कल्याणकारी गुणको भण्डार शिवबाबा हजुर
मानवलाई देवता पार्ने दयाको सागर ।
कर्मको गति जाननेवाला शिवबाबा हजुर
सृष्टिको आदि अन्त्यको ज्ञाता ज्ञानामृत सागर ।।

✍ प्रल्हाद भट्ट, प्रशिक्षक,
शैक्षिक तालिम केन्द्र, भद्रपुर

खुशी मानव..........

समस्याको सही समाधान बताउन माहिर थियो । साधुको आगमनको खबर सेठको कानसम्म पुग्यो । कुनै शुभचिन्तकले त्यो खुशीको खोजीमा भट्किएको सेठलाई सल्लाह दिदै भन्यो– यदि सारा सम्पत्ति साधुको चरणमा समर्पित गरिदियौ भने खुशीको खाजना मिल्ने छ । सारा सम्पत्ति एउटा कपडामा पोको पारेर सेठ दौडदै साधुको पासमा गयो र पोको खोल्दै भन्यो– महात्मन् खुशीका लागि म सारा दुनियाँमा भट्किरहेको छु । यो सारा सम्पत्ति स्वीकार गरी मलाई दया गरेर खुशीको खजाना प्रदान गर्नुहोस् ।

समस्याको समाधान गर्ने हेतु केही समयको लागि योगीले आफ्ना आँखा बन्द गरे । बिस्तारै आँखा खोलेर पोको हातमा लिएर खोल्न थाले । हीरा, मोती, रत्न आदिको चमकले साधुका आँखा खुलेका खुल्यै रहे । साधु जी पोको लिएर भाग्न थाले । अचानक भएको धोकाले सेठजी चिच्याए । यो साधु त ढोंगी रहेछ, यो त पक्का चोर हो । हाय ! हाय ! म त लुटिएँ ! ऊ साधुको पिछा गर्दै उसैको पछि-पछि दौडियो । तर गल्ली साँघुरो भएकोले साधु दौडन सकेनन् । उनी पुन: आफ्नै ठाउँमा आएर बसे । सेठ पनि स्याँ-स्याँ र फ्याँ-फ्याँ गर्दै साधु भएको ठाउँमा आइपुग्यो । साधु खुलेर हाँस्दै सम्पत्तिको पोको सेठलाई दिदै बोले– तिमीले के सोचेका थियौ, तिम्रो यो पोको मैले लिएर भागेको हुँ ? यो त मेरो केही कामको छैन, ल लेऊ तिम्रो पोको । पोको पाउने बित्तिकै सेठ खुशीले रमायो । योगी मन्द-मन्द मुस्कुराउँदै बोले– अरे मूर्ख खुशी बाहिर छैन, यो त तिमीभित्रै छ, यसलाई नखोज, यो त तिम्रो अन्तर्मनमा छ । क्षणभर तिमी आफ्नो आत्मिक स्वरूपमा स्थित भएर बस । यो त छायासमान तिम्रो पछि-पछि आउँदछ । खुशी धन सम्पत्ति जोहो गर्नमा होइन परन्तु यसलाई परोपकारी कार्यमा लगाउनमा प्राप्ति हुन्छ । जनता जनार्दनको सच्चा सेवक बनेपछि नै साँचो खुशी मिल्न सक्छ । खुशी वस्तु-पदार्थ व वैभव आदिको भोगाइमा होइन बरु यसको त्यागमा छ । सच्चा हृदयले मानव, प्रकृति र प्राणीमात्रको मन्सा-वाचा-कर्मणाद्वारा सुखदायी सेवा गर्नाले खुशीको अमृतकुम्भ पाउन सकिन्छ । ❋

**काठमाण्डौ** : अध्यात्म तथा मूल्य शिक्षामा MSc. तहको अनिवार्य सम्पर्क कार्यक्रम (PCP)को उद्घाटन गर्नुहुँदै त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र शंकायका डीन प्रा.डा. चिन्तामणि पोखरेल, राजयोगिनी ब्रह्माकुमारी राज दिदी, काठमाण्डौ विश्वविद्यालय इन्जिनियरिंग प्रभागका सह-डीन प्रा.डा. रमेशकुमार मास्के, वाल्मिकी विद्यापीठका क्याम्पस चिफ सह प्रा.डा. लालमणि पाण्डे, प्रशिक्षिका ब्रह्माकुमारी देवी गीता रानी तथा ब्रह्माकुमारी दुर्गेश नन्दिनी ।





**हर्कपुर, नवलपरासी** : हरिबोधनी एकादशी मेलामा चित्र प्रदर्शनी कार्यक्रमको उद्घाटन गर्नुहुँदै कैलाश आश्रमका पीठाधीश १००८ स्वामी समानन्द गिरीज्यू, मुकुन्दसेन टेलिभिजनका अध्यक्ष राजकुमार श्रेष्ठ, ब्रह्माकुमारी सरस्वती, ब्रह्माकुमारी उमा, ब्र.कु. बाबुराम आचार्य तथा अन्य ।

## बाबाको सन्देश

विश्वका सबै आत्मा आफ्नै प्यारा भाई
जे-जे भयो बितेकोलाई अब बिन्दु लगाई
जुटौं अब एकैसाथ स्वर्णिम संसार ल्याउन
पुरूषार्थ गरेर नै ज्ञानको झोली भर्न ।

हद होइन बेहदमा रहने कोशिश गर
विनाशी यो संसारबाट लानु के नै छ र
लौकिक र अलौकिकमा बनी सदा न्यारा
परमात्माका साथमा बस्न हुनुपर्छ प्यारा ।

हर कर्ममा विजयको अटल नशा चढाई
बाबाको स्नेहलाई नै छत्रछाया बनाई
आफ्नो कर्म आफैं बनाऔं परमात्मालाई भेटी
त्यसैले त सत्य कर्म गरौं आजैदेखि ।

यस धर्तीमा आयौं हामी असल कर्म गर्न
आखिरमा सबैलाई पर्छ एकदिन मर्न
भगवान् आउनुभा'छ दिन गीता ज्ञान
पुरूषोत्तम संगम युगलाई अब सबले जान ।

दया शीतल जलद्वारा दिन सके गुणदान
शुभ-भावना वृत्तिद्वारा लिन सके वरदान
रहमदिल बनेर सबलाई देख समान
जड चित्रमा पनि भोलि हुन्छौ पूज्य महान् ।।

✍ निर्मला घिमिरे,
गीतानगर-६, केशरबाग



**धादिङ** : मध्यमाञ्चल क्षेत्रीय मेला तथा चौथो धादिङ महोत्सवको समापन समारोहमा सम्माननीय पूर्व प्रधान मन्त्री पुष्प कमल दाहाललाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी नन्दा दिदी ।



**हेटौंडा** : ब्रह्माकुमारी राजयोग सेवा केन्द्रद्वारा व्यवस्थापन गरिएको पुष्पलाल स्मृति पीसपार्कको उद्घाटन गर्नुहुँदै ब्र.कु. उषा दिदी, राजयोगिनी राज दिदीजी, माननीय सभासद् रामनाथ बिडारी, वरिष्ठ समाजसेवी डोरमणि पौडल, ब्र.कु. कुमारी तथा अन्य



**कलैया** : गढीमाई मेलाको अवसरमा सेवा केन्द्रद्वारा आयोजित प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै माननीय युवा तथा खेलकुद मन्त्री पुरुषोत्तम पौडेल, माननीय सभासद् राधेचन्द्र यादव, ब्रह्माकुमारी रविना दिदी, ब्र.कु. रामसिंह, ब्र.कु. मीना तथा अन्य



**गौर, रौतहट** : एक दिवसीय तनाव व्यवस्थापन कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख जिल्ला अधिकारी मदन भुजेल, माननीय न्यायाधीश त्रय– हरिश्चन्द्र ढुङ्गाना, सूर्य अधिकारी एवं डण्डपाणि शर्मा, ब्र.कु. जमुना तथा प्रशिक्षक ब्र.कु. विजय ।

## ठेगाना :



**तोपगाछी, झापा** : ब्रह्माकुमारी राजयोग उप सेवा केन्द्रको पाँचौं वार्षिकोत्सवमा केक काट्नुहुँदै ब्रह्माकुमारी गीता दिदी साथमा कमला उच्च मा.वि. का सहायक प्रिन्सिपल फणिन्द्र सुवेदी, समाजसेवी राजकुमार श्रेष्ठ, ब्रह्माकुमारी राधा, ब्रह्माकुमारी कमला तथा अन्य ।



**पथरी, मोरङ** : सेवाकेन्द्रमा आयोजित उद्योग वाणिज्य संघका नव नियुक्त पदाधिकारीहरूलाई स्वागत कार्यक्रममा सम्बोधन गर्नुहुँदै इ.प्र.का.का प्रमुख रुद्रमणी चुराल, मञ्चमा आसिन वाणिज्य संघका अध्यक्ष धन कुमार तामाङ, ब्रह्माकुमारी मीरा तथा अन्य ।

❋ संरक्षक : निर्देशक ब्रह्माकुमारी राजदिदी ❋ सल्लाहकार : ब्रह्माकुमार रामसिंह ऐर ❋ प्रधान सम्पादक : ब्रह्माकुमार अर्जुन श्रेष्ठ ❋ सम्पादक : ब्रह्माकुमार विजयराज सिग्देल ❋ सह-सम्पादक : ब्रह्माकुमार भागवत नेपाल ❋ प्रकाशक : ब्रह्माकुमारी राजयाग सेवा केन्द्र, ॐ शान्ति भवन, नारायणगढ, चितवन। फोन: ०५६-५२०५४७, E-mail:gyanjyoti.monthly@gmail.com, Website:www.bkchitwan.org, www.brahmakumaris.com ❋ मुद्रक : मल्टि ग्राफिक प्रा. लि., बाफल, काठमाण्डौं